# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 06.04.2024**

- **SKM Election Campaign**

सिक्किम क्रान्तिकारी मोर्चा पार्टीको चुनावी कार्यक्रम विजय भवः जनसभा आज नाम्ची जिल्लाको मल्ली बजारमा सम्पन्न भयो। जिल्लाका चारवटा निर्वाचन क्षेत्र नाम्ची-सिङगीथाङ, पोकलक-कामराङ, मल्ली र नामथाङ-रातेपानी समष्टिका निम्ति आयोजित जनसभालाई सम्बोधन गर्दै पार्टी अध्यक्ष एवं मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले यी चारवटा क्षेत्रमा पार्टीका उम्मेदवार क्रमैले श्रीमती कृष्ण कुमारी राई एवं सर्वश्री भोजराज राई, NB तामाङ र सञ्जित खरेल साथै लोकसभा उम्मेदवार श्री इन्द्रहाङ सुब्बाका लागि भोट माग्नुभयो। उहाँले एसकेएम सरकारले आफ्नो दोस्रो कार्यकालमा बिपास अर्थात बिजुली, पानी र सड़कलाई प्राथमिकता दिएर काम गर्ने बताउनुभयो। मुख्यमन्त्रीले घोषणा गर्दै भन्नुभयो, आगामी दिनमा मल्ली चेकपोस्ट राज्यको प्रमुख नाका हुनेछ। श्री तामाङले मल्लीदेखि सिङतामसम्म राष्ट्रिय राजमार्ग निर्माण गर्न केन्द्र सरकारबाट जमीन क्षतिपूर्तिको लागि मात्र चार सय करोड़ रुपियाँ आवण्टन भइसकेको जानकारी दिनुभयो।

---------------------------------------X---------------------------------------

- **SDF Campaign**

पूर्व मुख्यमन्त्री एवं सिक्किम प्रजातान्त्रिक मोर्चा (SDF) अध्यक्ष श्री पवन चामलिङले आफ्नो पार्टी सत्तामा आएको खण्डमा बर्फूङ क्षेत्रमा डिग्री कलेज र स्थानीय युवाहरूका लागि खेलकूद अकादमी स्थापित गर्ने घोषणा गर्नुभएको छ। बर्फुङ क्षेत्रका जनतालाई राभाङला बजारमा आयोजित चुनावी जनसभाबाट सम्बोधन गर्दै श्री चामलिङले भन्नुभयो, आउँदो सरकारमा अर्गानिक हिलस् माउन्टेन एण्ड पिलग्रिमेज टुरिज्म कार्यक्रम शुरु गरेर पर्यटकहरूलाई राज्यमा ल्याइनेछ। पार्टीका विभिन्न कार्यक्रमबारे बताउँदै उहाँले भन्नुभयो, गाउँ बस्तीका आमाहरूलाई वासिङ मसिङ, फ्रीज, एलपीजी ग्यास वितरण गर्नका साथै ल्याण्ड ब्याङ्क स्कीमअन्तर्गत जमीन नहुनेलाई आधा ऐकर जमीन दिइनेछ अनि प्रत्येक जिल्लामा जनताको भान्सा घर बनाइनेछ, जहाँ पच्चीस रुपियाँमा भरपेट खाना पाउने व्यवस्था हुनेछ। अब उसो जनताले आफ्नो घर आफै बनाउनेछन् भन्दै श्री चामलिङले तीन किस्ता गरेर बीस लाख रूपियाँ जनताको ब्याङ्क खातामा लगाइदिने अनि विद्यार्थीहरूको युनिफर्म र खाता किताब किन्ने धनराशि पनि आमा-बाबाको खातामा लगाइदिने वचन दिनुभयो। श्री चामलिङले बर्फूङ क्षेत्रका जनतालाई श्री भाइचुङ भोटिया र लोकसभामा श्री पीडी राईलाई मतदान गरेर जिताउन अपील गर्नुभयो। उहाँको दोस्रो चुनावी जनसभा नाम्ची जिल्लाको तिमी नाम्फिङ समष्टिका निम्ति तिमी बजारमा सम्पन्न भयो।

---------------------------------------X---------------------------------------

- **Home Voting Mangan**

राज्यमा हिजोदेखि शुरू भएको मतदाताहरूलाई प्रजातान्त्रिक प्रक्रियामा पूर्ण रूपले सहभागी बनाउने भारतको निर्वाचन आयोगको एउटा महत्वपूर्ण पहल गृह मतदान अर्थात होम भोटिङ प्रक्रिया दोस्रो दिन आज जङ्गु समष्टिमा सम्पन्न भयो। पोस्टल ब्यालटका नोडल अधिकारी एवं राजस्व अधिकारी श्री HB थापाको विशेष उपस्थितिमा गृह मतदान टोलीलाई चारवटा पोस्टल ब्यालटसहित मतदान सामग्री पठाइयो। पाकिम जिल्लामा गृह मतदान प्रक्रियाको तेस्रो दिन पचासी वर्षभन्दा माथिको उमेरका अनि दिव्याङ्गीजनहरूले निर्वाचन आयोगले प्रदान गरेको सुविधाको उपभोग गर्दै घरबाटै मत लगाए। यसमा यस जिल्लाका पाँचवटा समष्टिमध्ये रिनाकबाट एक सय आठजना, छुजाचेनबाट एक सय दुईजना, नाथाङ माछोङबाट सतातरजना र नामचेबुङबाट तीर्पनजना रहेका छन्। पश्चिम पाण्डामबाट भने यस सुविधाको उपभोग गर्नेको संख्या सुन्य छ। यो प्रक्रिया सफलतापूर्वक सम्पन्न गरेपछि सेक्टर अधिकारीको नेतृत्वमा रहेको टोलीले सहायक निर्वाचन अधिकारीलाई पोस्टल ब्यालट सुम्पिएको छ। आज संग्रह गरेका सम्पूर्ण पोस्टल ब्यालट डिक्लिङ वरिष्ठ माध्यमिक विद्यालयस्थित स्ट्रङ रूममा सुरक्षित साथ राख्दै सिलबन्द गरियो। पहिलो चरणको गृह मतदान प्रक्रिया आठ अप्रेलसम्म निरन्तर चल्नेछ। अवगत गराइन्छ, यस जिल्लाका पाँचवटा समष्टिबाट यी दुई वर्गका योग्य मतदाताहरूको संख्या तीन सय चालीस रहेको छ।

---------------------------------------X---------------------------------------

- **Road Accident**

मंगन जिल्लाको लाचुङ-चुङथाङ सड़क मार्गबीच बोप नजिक हिजो साँझ भएको सड़क दुर्घटनामा दुईजनाको ज्यान गएको छ। लाचुङबाट चुङथाङतर्फ गइरहेको SK01 Z 0790 नम्बर धारी महेन्द्र जाइलो सडक मार्गबाट लगभग दुई सय पचास फीट तल झरेको बताइएको छ। वाहनमा सवार छहजना पर्यटकमध्ये असमको दुर्गाबारी तिनसुखियाका सत्र वर्षीय कृष्ण मोदी र सोनितपुरका तेंतीस वर्षीय वाहन चालक बुद्धीमान थापाको ज्यान गएको छ।
स्वास्थ्य उपचारका निम्ति चुङथाङ सामुदायिक स्वास्थ्य केन्द्रमा ल्याइएका गम्भीर रूपमा घाइते अन्य पाँचजना पर्यटकलाई पछि गान्तोकस्थित STNM अस्पतालमा रेफर गरियो।

---------------------------------------X---------------------------------------

- **Road Block**

लगातार वर्षा हुनका साथै टिस्टा नदीको बहावपछि गएको पैह्रोका कारण चुङथाङ-मंगन सड़क मार्गबीच ठेङ टनल अवरूद्ध बनेको छ। यसैगरी टुङस्थित टिस्टा नदीमाथि स्थापित काठको अस्थायी झोलुङ्गे पुल पनि क्षतिग्रस्त भएको छ।
यसलाई मध्यनजर गर्दै वाहनको आवागमनलाई साकलङ सिपग्यार सड़क मार्गतर्फ मोड़िएको छ। यसका साथै सीमा सड़क संगठनले पुनःनिर्माण कार्य शुरू गरेको छ।

---------------------------------------X---------------------------------------

- **BAS affiliation with BFI**

सिक्किमको बास्केटबल संघ लगभग एक दशकको संघर्षपछि अन्ततः भारतीय बास्केटबल महासंघसित अस्थायी रूपमा सम्बद्ध भएको छ।
यस सफलतासितै अब सिक्किम राज्य बास्केटबल टोलीले राष्ट्रिय स्तरको च्याम्पियनशीपमा सहभागिता जनाउने अवसर पाउनेछ। सिक्किमको पहिलो ठिटा-ठिटीको टोलीले पुडुचेरीको राजीव गान्धी स्टेडियममा नौंदेखि पन्द्र अप्रेलसम्म आयोजना हुने भारतीय युवा राष्ट्रिय च्याम्पियनसिपमा ऐतिहासिक शुरूवात गर्नेछ।

---------------------------------------X---------------------------------------